# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ १९ गते २०२१ साल

श्री ५ को सरकार

शिक्षा मन्त्रालय

पुरातत्व विभागको

सूचना

यस विभाग अन्तर्गत नेपाल राष्ट्रिय पुस्तकालयका अध्यक्ष नारायणप्रसाद शर्मा घर-बिदामा बस्नुभएकोले उहां बिदाबाट फर्की हाजिर नभएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली २०१३ (संशोधनहरूसहित) को परिच्छेद ८ को नियम २ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले मिति २०२१।७।१२ देखि सोही पुस्तकालयका उपाध्यक्ष श्री शंकरनाथ अधिकारीलाई कायम मुकायम मुकरर गरेको छ ।

रमेशजङ्ग थापा ,

श्री ५ को सरकारको डाइरेक्टर ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

श्री ५ को सरकार

शिक्षा मन्त्रालय

पुरातत्व विभागको

सूचना

यस विभागका से.अ. श्री पूर्णहर्ष बज्राचार्य मूर्तिकला विषयको अध्ययन काजमा भारत जानुभएकोले काजबाट फर्की हाजिर नभएसम्मको लागि सो पदमा निजामती सेवा नियमावली, २०१३ (संशोधनहरू सहित) को परिच्छेद ८ को नियम २ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी तल सहिछाप गर्ने अधिकारीले मिति २०२१।७।६ देखि यस विभागका एकाउण्टेण्ट श्री गोपालप्रसाद पाठकलाई कायम मुकायम मुकरर गरेको छ ।

रमेशजङ्ग थापा,

श्री ५ को सरकारको डाइरेक्टर ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५४८